# पहिलोपल्ट दिल्ली फाइनलमा



**दुबई/एजेन्सी ।** दिल्ली क्यापिटल्स पहिलोपल्ट इण्डियन प्रिमियर लिग (आइपीएल) को फाइनलमा प्रवेश गरेको छ । आइतबार राति भएको दोस्रो क्वालिफायरमा सन्राइजर्स हैदरावादलाई १७ रनले पराजित गर्दै दिल्ली फाइनलमा प्रवेश गरेको हो । अब दिल्लीले उपाधिका लागि बुधबार मुम्बई इण्डियन्ससँग खेल्नेछ ।

अबुधाबीमा भएको गर या मरको खेलमा १९० रनको लक्ष्य पछ्याएको हैदरवादले २० ओभरमा ८ विकेट गुमाएर १७२ रनमात्रै बनाउनसक्यो । म्यान अफ द म्याच मार्कस स्टोइनिसले ३ ओभरमा २६ रनमात्रै दिएर ३ विकेट झारेपछि दिल्लीको जित सहज भएको थियो । जसले हैदरावादका सर्वाधिक स्कोरर केन विलियम्सनको विकेट पनि सामेल थियो । यस्तै दिल्लीका कासिगो राबाडाले ४ ओभरमा २९ रन दिएर ४ विकेट लिँदै टोलीलाई फाइनलमा पुऱ्याउनुभएको हो ।

हारसँगै हैदरावादको आइपीएल यात्रा सकिएको छ । लगातार चार जितपछि डेविड वार्नरको कप्तानीमा रहेको हैदरावादले बुधबार आफ्नो लय कायम राख्न सकेन । हैदरावादलाई १२ रनको स्कोरमै पहिलो झट्का लागेको थियो । कप्तान वार्नरलाई २ रनमै रबाडाले बोल्ड गर्नुभएको थियो । यस्तै प्रियम गर्गलाई १७ रनमा खेलिरहँदा स्टोइनसले बोल्ड गर्दै दोस्रो झट्का दिनुभयो । त्यही ओभरमा स्टोइनिसले मनिष (२१) पाण्डेलाई पनि आफ्नो सिकार बनाउनुभयो । योसँगै ४४ रनको स्कोरमा हैदरावादको तीन विकेट झरिसकेको थियो ।

जोसन होल्डर (११) लाई अक्षर पटेलले पवेलियन फर्काउँदा ९० रनमा हैदरवादको चौथो विकेट झरेको थियो । यसपछि केन विलियम्सन (६७) ले अब्दुल समदसँग ५७ रनको साझेदारी गर्दै पारी अघि बढाउनुभयो । तर त्यो जितका लागि पर्याप्त थिएन । स्टोइनसले रबाडाको हातबाट क्याच गराउँदै विलियम्सनको विकेट झारेपछि दिल्लीको जित सुनिश्चित भएको थियो ।

लगत्तै रबाडाले अब्दुल समद(३३) र अर्को बलमा रासिद खान(११)को विकेट लिनुभयो । त्यही ओभरको पाँचौं बलमा श्रीवत्स गोस्वामीलाई खाता नै खोल्न नदिई रबाडाले पवेलिन फर्काउनुभएको थियो ।

हैदरवादले पावर प्लेमा नै तीन विकेट गुमाइसकेको थियो । विलियम्सले बीच बीचमा ठूला सट खेल्दै पारी अघि बढाउनुभएको हो । विलियम्सनले ३५ बलमा आफ्नो अर्धशतक पूरा गर्नुभएको थियो । त्यसबीच उहाँले प्रवीण दुबे, अक्षर पटेल, रबाडा र स्टोइसलाई छक्का प्रहार गर्नुभएको थियो ।

त्यसअघि शिखर धवन प्रेरित दिल्लीले निर्धारित २० ओभरमा ३ विकेट गुमाएर १८९ रन बनाएको थियो । यस सिजनमा दुई शतक प्रहार गरिसक्नु भएका धवनले ५० बलमा ७८ रन बनाउनुभयो । जसमा ५ चौका र २ छक्का सामेल थिए । यस्तै स्टोइनिसले २७ बलमा ५ चौका र एक छक्काको मद्धतमा ३८ रन बनाउनुभयो । धवनले स्टोइनिससँग मिलेर पहिलो विकेटका लागि ८६ रनको साझेदारी गर्दै दिल्लीलाई राम्रो सुरुवात दिलाउनुभएको थियो ।

यस्तै दिल्लीका शिमरन हेटमेयरले २२ बलमा चार चौका र एक छक्कासहित ४२ रनको महत्त्वपूर्ण पारी खेल्नुभयो । हैदारवादले फिल्डिङमा गरेको फाइदा दिल्लीले उठाएको थियो । सन्दीप शर्माको बलिङमा स्टाइनिस र धवन दुवैका क्याच छुटेको थियो । त्यसबाहेक हैदरावादले केही सजिलो चौका दिनुका साथै ओभर थ्रु पनि गरेको थियो ।

स्टोइनिस तीन रनमा हुँदा नै जेसन होल्डरले उहाँको क्याच छोड्नुभएको थियो । त्यसपछि उहाँले लगातार चौका प्रहार गर्नुभयो । उहाँले लगत्तै सन्दीप शर्मालाई दुई तथा होल्डरको ओभरमा तीन चौका र एक छक्का प्रहार गर्नुभएको थियो ।

यस खेलमा पनि दिल्लीले नेपाल स्पिनर सन्दीप लामिछानेलाई बेञ्चमै राखेको थियो । दिल्लीसँग यसवर्ष अन्तिम सम्झौतामा रहनुभएका सन्दीपलाई यस सिजनको आइपीएलमा एक खेलमा मौका मिलेको छैन ।

# कमल र जितबहादुरलाई स्वर्ण

**काठमाडौं/हिटा ।** नेपालका कमल श्रेष्ठ र जितबहादुर बोटले 'काठमाडौं अन्तर्राष्ट्रिय भर्चुअल तेक्वान्दो पुम्से च्याम्पियनसिपमा स्वर्णपदक जित्नुभएको छ । कमलले पुरुष ४० वर्षमुनि र जितबहादुरले पुरुष २९ वर्षमुनिको स्पर्धामा स्वर्ण जित्नुभएको हो । कमल गत मंसिरमा नेपालमा सम्पन्न १३औं दक्षिण एसियाली खेलकुद (साग)का स्वर्ण विजेता पनि हुनुहुन्छ । जितबहादुरले भने सागमा टिम पुम्सेमा कास्य पदक जित्नुभएको थियो ।

कमलको समूहमा नाइजेरियाका अकान्डे सामुयलले रजत तथा मल्लवाराचिङ्गे नलका सम्पथ र नेपालका रामकुमार पोखरेलले कांस्य जित्नुभयो । यसैगरी जितबहादुरले नेपालका प्रेमबहादुर लिम्बूलाई पछि पार्नुभयो । नेपालका विवेक राई र मकाउका काई लियोङले तेस्रो स्थानमा चित्त बुझाउन बाध्य हुनुभयो । पुरुषकै ५० वर्षमाथिको स्पर्धामा नेपालका ईश्वरमान वज्राचार्यले स्वर्ण जित्नुभयो । उहाँले नेपालकै विजय शाहलाई पछि पार्नुभयो । महिलाको ५० वर्षमुनिको स्पर्धामा नेपालकी निरुकुमारी मगरले स्वर्ण जित्नुभयो । यस समूहमा उनले मात्रै प्रतिस्पर्धा गर्नुभएको थियो ।



पुरुष १७ वर्षमुनिको प्रतिस्पर्धामा म्यानमारका साई अङले पहिलो स्थान हात पार्नुभयो । मलेसियाका एडम सुहाइमीले दोस्रो स्थान हात पार्दा सुरिनेमका यसवीर गोपाल र मलेसियाका याप हानले तेस्रो स्थानमा चित्त बुझाउनुभयो । महिलाको १४ वर्षमुनिको समूहमा सुरिनेमकी चेएने तिजोई पहिलो, थाइल्याण्डकी कविनतिडा दोस्रो तथा भारतकी विजिता गोश्वामी र मलेसियाकी नारा नुर युसुफले तेस्रो स्थान हात पार्नुभयो ।

महिला १७ वर्षमाथिको स्पर्धामा भने चारवटै पदक मलेसियाका खेलाडीले जित्नुभयो । फिलिस चीनले स्वर्ण, इफास हनिफले रजत तथा फराह मदारुस र विलियमिन लिनीले कास्य जित्नुभयो । महिलाकै ४० वर्षमुनि मेक्सिकोकी अना इस्पिनोसा पहिलो, नेपालकी रेखमाया गुरुङ दोस्रो र भारतकी अर्चना सामपाङ तेस्रो हुनुभयो ।

पुरुषको ५० वर्षमाथिको प्रतिस्पर्धामा मेक्सिकोका जुआन झेलास्कोले बाजी मार्नुभयो । उहाँले नेपालका लक्ष्मणबहादुर ऐरलाई पछि पार्नुभयो । भारतका प्रमित कुमार र नेपालका राजु नगरकोटीले तेस्रो स्थान हात पार्नुभयो । पुरुषकै २१ वर्षमुनि मलेसियाका चाङ सुनले स्वर्ण जित्नुभयो । नेपालका लक्ष्मण श्रेष्ठले रजत जित्दा नेपालकै सुजन चौधरी र कृष्णबहादुर बमजनले कांस्यमा चित्त बुझाउनुभयो । महिलाको २९ वर्षमुनि मलेसियाकी मारर्लियन लियानले बाजी मार्नुभयो । उहाँले नेपालकी पार्वती गुरुङलाई पछि पार्नुभएको थियो । नेपालकी निर्मला विक र मकाउकी कावा माकले कास्य पदक पक्का गर्नुभयो ।

च्याम्पियनसिपमा नेपालसहित १९ राष्ट्रका ३६२ खेलाडीले प्रतिस्पर्धा गर्दै छन् । च्याम्पियनसिपमा नेपालका १९० र हङकङ, मलेसिया, श्रीलंका, भारत, म्यानमार, मकाउ, सुरिनेम, थाइल्याण्ड मेक्सिको, अष्ट्रेलिया, जापान, नाइजेरिया, बंगलादेश, टिमोर, बेलायत दक्षिण कोरिया, फिलिपिन्स र कम्बोडियाका १७१ खेलाडीले सहभागिता जनाएका थिए ।

युनाइटेड तेक्वान्दो डोजाङ, सीतापाइला तेक्वान्दो डोजाङ, सगरमाथा न्यूबानेश्वर तेक्वान्दो डोजाङ र पिङ्ला तेक्वान्दो डोजाङको संयुक्त पहलमा च्याम्पियनसिप आयोजना भएको हो । च्याम्पियनसिपमा यु-१०, यु-१२, यु-१४, यु-१७, यु-२१, यु-२९, यु-४०, यु-५० र ५० वर्षभन्दा माथिका उमेर समूहमा प्रतिस्पर्धा भएको थियो । महिला तथा पुरुषका लागि एउटै उमेर समूह निर्धारण गरिएको थियो । हरेक उमेर समूहका लागि पुम्सेका छुट्टाछुट्टै विधा तोकिएको थियो ।

# आयुशलाई पुम्सेमा स्वर्ण

**काठमाडौं/हिटा ।** नेप्लिज तेक्वान्दो एकेडेमी (एनटिए) का आयुश ढुंगेलले प्रथम अनलाइन अन्तर्राष्ट्रिय भर्चुअल तेक्वान्दो प्रतियोगितामा स्वर्ण जित्नुभएको छ । आयुशले यु-१४ पुरुष एकल पुम्सेमा स्वर्ण जित्नुभएको हो ।

ब्राजिल तेक्वान्दो महासंघले आयोजना गरेको प्रतियोगितामा आयुशले खेलेको स्पर्धामा विभिन्न राष्ट्रका ३८ खेलाडीले सहभागिता जनाएको एनटिएका अध्यक्ष अशोक खड्काले जानकारी दिनुभयो । ब्राजिल दोस्रो तथा युरोग्वे र अर्जेन्टिना तेस्रो हुनुभयो ।

कोरोना भाइरस (कोभिड-१९) को अवधिमा भएका विभिन्न घरेलु तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा आयुशले जितेको यो छैटौं पदक हो । यसअघि आयुशले अमेरिकामा भएको प्रतियोगितामा रजत तथा मलेसिया र थाइल्याण्डमा भएका प्रतियोगितामा स्वर्ण जित्नुभएको हो । घरेलु प्रतियोगिताअन्तर्गत कागेश्वरी र काठमाडौं भर्चुअल प्रतियोगितामा स्वर्ण हात पार्नुभएको थियो ।

प्रतियोगितामा आयुशसहित सुदेशना गुरुङ, प्रगति कुइँकेल र शान्ति राई पनि सहभागी हुनुहुन्छ । प्रतियोगितामा एनटीएका अध्यक्ष खड्काले समेत निर्णायकको भूमिका निर्वाह गरिरहनुभएको छ ।


## अग्नीसाईर कृष्णासवरन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सीतापुर, सप्तरी**
**२ नं प्रदेश, नेपाल**

### सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/०७/२५ गते)**

यस अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको गाउँसभा तथा गाउँ कार्यपालिकाको निर्णयानुसार यस गाउँपालिकाका लागि आवश्यक तपसिल अनुसारका पदमा सेवा करारबाट कर्मचारीको पदपूर्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका शर्तहरुको अधिनमा रही कार्य गर्न इच्छुक देहायका बमोजिम योग्यता पुगेको नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।

**तपसिलः**

| विज्ञापन नं. | पद, तह | माग पद संख्या | दरखास्त दस्तुर | शैक्षिक योग्यता तथा उमेर हद |
|---|---|---|---|---|
| ०५/०७७/०७८ | इन्जिनियर | १ (एक) | १०००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषय लिइ वि.ई. उत्तिर्ण । कम्तीमा ३ महिने आधारभुत कम्प्यूटर सीप भएको । १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । |
| ०६/०७७/०७८ | सब-इन्जिनियर | २ (दुई) | ५००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।कम्तीमा ३ महिने आधारभुत कम्प्यूटर सीप भएको । १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । |
| ०७/०७७/०७८ | अ-सब इन्जिनियर | ४ (चार) | ५००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल सव-असिस्टेन्ट सव-ओभरसियर (१८ महिने कोर्ष वा सो सरह उतिर्ण गरेको) कम्तीमा ३ महिने आधारभुत कम्प्यूटर सीप भएको । |
| ०८/०७७/०७८ | कम्प्यूटर अपरेटर | २ (दुई) | ५००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त । वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpowerको लागि संचालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त । १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । |
| ०९/०७७/०७८ | कार्यालय सहयोगी | ४ (चार) | ३००/- | साधारण लेखपढ गर्न सक्ने (कक्षा ८ वा सो भन्दा बढी योग्यता भएकोलाई प्राथमिकता दिइने छ ।) १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको । |
| १०/०७७/०७८ | स्कारपियो चालक | १ (एक) | ३००/- | साधारण लेखपढ गर्न सक्ने (कक्षा ८ वा सो भन्दा बढी योग्यता भएकोलाई प्राथमिकता दिइने छ ।) सवारी चालक अनुमति पत्र प्राप्त । १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको । |
| ११/०७७/०७८ | एम्बुलेन्स चालक | १ (एक) | ३००/- | साधारण लेखपढ गर्न सक्ने (कक्षा ८ वा सो भन्दा बढी योग्यता भएकोलाई प्राथमिकता दिइने छ ।) सवारी चालक अनुमति पत्र प्राप्त । १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको । |
| १२/०७७/०७८ | ट्र्याक्टर चालक | १ (एक) | ३००/- | साधारण लेखपढ गर्न सक्ने (कक्षा ८ वा सो भन्दा बढी योग्यता भएकोलाई प्राथमिकता दिइने छ ।) सवारी चालक अनुमति पत्र प्राप्त । १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको । |
| १३/०७७/०७८ | सरसफाई कर्मचारी (मेहसतर) | २ (दुई) | ३००/- | साधारण लेखपढ । १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको । |
| १४/०७७/०७८ | पालो पहरा गर्ने कर्मचारी | २ (दुई) | ३००/- | साधारण लेखपढ । १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको । |
| १५/०७७/०७८ | गाउँ प्रहरी जवान | ६ (छ) | ३००/- | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको । १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको । |

१. **गाउँ प्रहरीको हकमा :**
   (क) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको, महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च भएको । छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको, स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको ।
   **(ख) छनौट पद्धति :**
   शारीरिक तन्दुरुस्ती, लिखित परीक्षा, अन्तरवार्ता ।
२. **दरखास्त दिने अन्तिम मिति :** २०७७/०८/१० गते कार्यालय समय भित्र ।
३. **आवेदन बुझाउने स्थान :** अग्नीसाइर कृष्णासवरन गाउँपालिका, सीतापुर, सप्तरी ।
४. **परीक्षाको किसिम :**विज्ञापन नं. ०५ देखि ०८ सम्मका लागि लिखित, कम्प्युटर सीप परीक्षण, अन्तवार्ता तथा वि.नं. ०९ देखि १४ सम्म अन्तरवार्ता ।
५. **परीक्षा मिति :** फारम बुझाउने अन्तिम मितिको भोलिपल्ट तोकिनेछ ।
६. **पारिश्रमिक तथा सेवा सुविधा :**पालिकाको निर्णय बमोजिम ।
७. **करार अवधि :** २०७८ असार मसान्तसम्म ।
८. **आवश्यक कागजात :** आवेदन फारम नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि, पासपोर्ट साईज फोटो ३ प्रति, तालिम तथा अनुभवका प्रमाण पत्रका प्रतिलिपि ।
९. अनुभवीलाई प्राथमिकतामा राखिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## तारा पुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड
**महालक्ष्मी-५, ललितपुर**
**टेलिफोन नं. ०१-५००७४१४**

### आठौं साधारण सभा सम्बन्धी सूचना

सञ्चालक समितिको मिति २०७७।०७।२२ गतेको निर्णयनुसार निम्न मिति, समय र स्थानमा यस संस्थाको ८ औं बार्षिक साधारण सभा बस्ने भएकोले सम्पूर्ण सदस्यज्यूहरु लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त साधारण सभा सम्बन्धी सूचना संस्थाको सबै शेयरसदस्यहरुलाई पठाई सकिएकोमा कारणबश प्राप्त नभएमा पनि यसै सूचनालाई आधार मानी सहभागी हुन अनुरोध गरिन्छ । बर्तमान कोभिड-१९ महामारीका कारण सहकारी बिभागले २०७७ असोज १ गते जारी परिपत्र अनुसार सहकारीहरुको साधारण सभा अनलाइन मार्फत गर्न अभिप्रेरित गरेको छ । यो कुरालाई मनन गरि यस सहकारीले पनि २० औं साधारण सभा अनलाइन मार्फत गर्ने निर्णय गरेको र संचालक समितिको निर्वाचन समेत गर्नु परेको खण्डमा भौतिक रुपले सामाजिक दुरी कायम गरि निर्वाचन सम्बन्धी क्रियाकलापमा सहभागी गराउने निर्णय गरेको ब्यहोरा समेत अनुरोध छ ।

**साधारण सभा बस्ने मिति, समय र स्थान :**
**मिति** : २०७७।०८।१३ गते शनिवार
**समय** : बिहान ७:३० बजे
**स्थान** : कालिञ्चोक पार्टी प्यालेस महालक्ष्मी ५, ललितपुर, टिकाथली

**छलफलका बिषयहरु :**
१. सामान्य बिषयहरु :
   क) संचालक समितिको तर्फवाट अध्यक्षज्यूका बार्षिक प्रतिबेदन ।
   ख) लेखा समितिको बार्षिक प्रतिबेदन ।
   ग) आ.ब. २०७६।०७७ को बित्तिय बिवरण तथा लेखापरिक्षकको प्रतिबेदन माथि छलफल र पारित गर्ने सम्बन्धमा ।
   घ) संचालक समितिकले सिफारिस गरे बमोजिम आ.ब. २०७७।०७८ को बार्षिक बजेट तथा कार्यक्रम अनुमोदन एबं स्विकृत गर्ने सम्बन्धमा ।
   ङ) आ.ब. २०७७।०७८ का लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
   च) संचालक समितिको निर्वाचन सम्बन्धमा ।
   छ) निर्णय पुस्तिकामा हस्ताक्षरको लागि सदस्यहरु मध्येवाट दश जना प्रतिनिधि छनौट सम्बन्धमा ।
   ज) बिबिध सम्बन्धमा ।
२. साधारण सभा सम्बन्धी जानकारी :
   क) साधारण सभा प्रयोजनको लागि मिति २०७७।०८।०७ गते देखि २०७७।०८।१३ गने सधारण सभाका दिन सम्मका लागि शेयर दाखिला खारेज तथा नयां सदस्यता बितरण बन्द गरिएको छ ।
   ख) शेयर सदस्यहरुको सुबिधाका लागि उपस्थिती पुस्तिका संस्थाको कार्यालय एवं संस्थाका प्रतिनिधीहरुसंग मिति २०७७।०८॥०७ गते देखि २०७७।०८।१३ सम्म राखिने भएकोले उपयुक्त समयमा उपस्थिती जनाईदिन हुन अनुरोध गरिन्छ ।
   ग) संस्थाको आठौं बार्षिक साधारण सभाको बिस्तृत प्रतिबेदन ४ दिन अगावै संस्थाको कार्यलयमा उपलब्ध हुनेछ । उक्त प्रतिबेदनहरु कार्यालय समयमा उपस्थित भई बुझिदिनहुन अनुरोध गरिन्छ ।
   घ) साधारण सभाको प्रत्यक्ष प्रसारण संस्थाको फेसबुक पेज र Youtube बाट गरिने कुरा जानकारी गरिन्छ ।

संचालक समितिको आज्ञाले
**कम्पनी सचिव**